आर्थिक वर्ष २०७९/८० मा सञ्चालित नीति तथा प्रमुख
कार्यक्रमहरूको २०७९ पौष मसान्तसम्मको

प्रगति प्रतिवेदन

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(नतिजा व्यवस्थापन महाशाखा)
सिंहदरबार, काठमाडौं

विषयसूची

विश्लेषण खण्ड

क. मन्त्रालय एवम् निकायहरूको प्रगति विश्लेषण १

१. पृष्ठभूमि १

२. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति २

३. खर्च सम्बन्धी प्रगति स्थिति ४

४. क्षेत्रगत प्रगति स्थिति ५

४.१ आर्थिक क्षेत्र ५

४.२ पूर्वाधार क्षेत्र ७

४.३ सामाजिक क्षेत्र ९

४.४ शासकीय सुधार क्षेत्र ११

ख. छानिएका आयोजनाहरूको प्रगति विश्लेषण १५

१. पृष्ठभूमि १५

२. छानिएका आयोजनाहरूको विवरण १५

२.१ छानिएका आयोजनाहरूको मन्त्रालयगत विभाजन १५

३. आयोजनाहरूको प्रगति स्थिति १६

३.१ छानिएका आयोजनाहरूको अर्ध वार्षिक प्रगति १७

४. आयोजनाहरूको क्रियाकलाप तथा माइलस्टोन स्थिति १९

४.१ क्रियाकलाप स्थिति १९

४.२ माइलस्टोन स्थिति १९

ग. समस्या र कारणहरूको विश्लेषण २०

१. मन्त्रालय/निकायहरूका समस्या र कारणहरूको विश्लेषण २०

२. आयोजनाहरूका समस्या र कारणहरूको विश्लेषण २४

घ. सुझावहरू: २८

विवरण खण्ड

क्रियाकलाप तथा माइलस्टोनहरूको विवरण

क. मन्त्रालय एवम् निकायहरूको प्रगति विश्लेषण

१. पृष्ठभूमि

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवं वार्षिक बजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरूलाई सम्बन्धित मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। मन्त्रालय तथा निकायहरूको कार्ययोजना तयार गर्दा सञ्चालन हुने क्रियाकलाप, सो क्रियाकलापसँग सम्बन्धित प्रक्रियागत तथा नतिजा समेतमा आधारित माइलस्टोन तथा सोको कार्यान्वयन पश्चात मन्त्रालय/निकायहरूले आवधिकरूपमा हासिल गर्ने नतिजा सूचकहरूको खाकासमेत निर्धारण गरिएको छ। यसरी सम्पादित क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिवेदन गर्न एकीकृत अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइएको र सोही प्रणालीमा प्राप्त विवरणहरूमा आधारित रही आवधिकरूपमा प्रगति प्रतिवेदन तयार गर्ने गरिएको छ।

यस प्रणालीले अनुगमन पद्धतिलाई नतिजामा आधारित बनाई लक्ष्य हासिलमा सघाउ पुऱ्याएको छ। साथै, कार्यसम्पादन गर्ने निकायहरूले विभिन्न निकायहरूमा छुट्टाछुट्टै गर्ने गरेको प्रतिवेदन समेतलाई एकै प्रणालीमार्फत् गर्न अनुगमन गर्ने निकायहरूले प्राप्त गर्ने सूचनामा एकरूपता कायम गर्न तथा यस्ता सूचना तथा प्रतिवेदनहरू सुरक्षित राखी दीर्घकालीन प्रयोगमा ल्याउन समेत सहयोग पुगेको छ। यसका अतिरिक्त कार्यसम्पादनको वस्तुगत जानकारी, कार्यसम्पादनमा देखिएका समस्या र त्यसको समाधानको उपायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने अनुगमनको अनुगमन कार्यका साथै निर्णायक तहसम्म निर्णय निर्माणमा सहयोग पुगेको छ।

सम्माननीय राष्ट्रपतिज्यूबाट २०७९ जेठ १० गते सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम तथा माननीय अर्थ मन्त्रीज्यूबाट २०७९ जेठ १५ गते सङ्घीय संसदको संयुक्त बैठकमा प्रस्तुत आ.व. २०७९/८० को बजेट तथा कार्यक्रमको आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत सबै मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, लगानी बोर्डको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र र सार्वजनिक खरिद तथा अनुगमन कार्यालयसमेत गरी १२७० क्रियाकलाप र २७९५ माइलस्टोनका साथै २१ मन्त्रालयहरूका ३३९ नतिजा सूचकहरूमा कार्ययोजनालाई व्यवस्थित गरि एकीकृत अनलाईन अनुगमन प्रणालीमा प्रविष्टि गरिएको थियो। आयोजना कार्यान्वयनलाई प्रभावकारी गराउन चालु आ.व.मा राष्ट्रिय गौरव, रूपान्तरणकारी तथा सघन अनुगमन आवश्यक देखिएका ३० महत्वपूर्ण आयोजनाहरू समेत छनोट गरी यस प्रणालीमा आवद्ध गरिएको थियो।

घोषित नीतिहरूको कार्यान्वयनका लागि नीतिहरूसँग सम्बन्धित क्रियाकलापहरूलाई आबद्ध गर्ने एवम् समय सारिणी सहितको कार्ययोजना तयार गरी लागू गर्ने क्रममा आ.व. २०७९/८० को वार्षिक कार्यान्वयन कार्ययोजना तयार गर्दा विभिन्न चरणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय तथा निकायको उपस्थितिमा आवश्यक छलफल गरी अन्तिम रूप प्रदान गरिएको थियो। यस क्रममा मन्त्रालय तथा निकायगत रूपमा तयार गरिएको वार्षिक बजेट कार्यान्वयन कार्ययोजनालाई आवधिक योजना, मध्यमकालीन खर्च संरचनासँगको तादात्म्यको विश्लेषण गरी एक आपसमा आवद्ध गर्ने प्रयास गरिएको थियो भने कार्ययोजना तर्जुमाका क्रममा यस कार्यालयबाट मन्त्रालयहरूलाई पठाइएको कार्ययोजना तर्जुमा मार्गदर्शन तथा अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शनलाई समेत प्रमुख आधारका रूपमा लिइएको थियो। उक्त मार्गदर्शनमा व्यवस्था भएबमोजिम मन्त्रालय तथा निकायहरूले कानुनी तयारीका रूपमा गर्नुपर्ने कार्यहरू नयाँ कार्यविधि, निर्देशिका तर्जुमा, विद्यमान कानून संशोधन, आयोजना तथा क्रियाकलापहरू संचालनको लागि बोलपत्र सूचना प्रकाशन, बोलपत्रको सम्झौता जस्ता माइलस्टोनहरूको समय साधारणतयाः प्रथम त्रैमासिक अवधि निर्धारण गरी गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी कार्यान्वयन कार्ययोजनालाई अन्तिम रूप प्रदान गरिएको थियो।

यस प्रतिवेदनमा मन्त्रालय/निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको क्षेत्रगत प्रगति स्थिति, छानिएका ३० आयोजनाहरूको प्रगति एवम् चालु आर्थिक वर्षको पुस महिनासम्ममा बजेट खर्चको स्थिति समेटिएको छ। प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क एवम् विवरणहरू विषयगत मन्त्रालय/निकाय/आयोजनाहरूबाट एकीकृत अनलाईन प्रणालीमा प्रविष्ट गरिएका विवरणहरू र महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणमा आधारित छन्।

२. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति

कुल १२७० क्रियाकलाप तथा २७९५ माइलस्टोनमध्ये पुस मसान्तसम्ममा ११.२५% क्रियाकलाप र १४.१% माइलस्टोन सम्पन्न भएका छन्। पुससम्म सम्पन्न हुनुपर्ने भनी निर्धारित माइलस्टोनहरूमध्ये ३०.९% माइलस्टोन मात्र यस अवधिमा सम्पन्न भएका, ५६.२३% माइलस्टोन चालु अवस्थामा रहेका र १३.७२% माइलस्टोन सुरु हुन सकेका छैनन्। त्यसैगरी पुससम्ममा प्रारम्भ भई क्रमशः निश्चित लक्ष्य हासिल गर्दै पछाडिको महिनामा सम्पन्न हुने भनी निर्धारण गरिएका माइलस्टोनहरूमध्ये ८९.८% सुरु भएका छन् भने ९.४१% सुरु हुन सकेका छैनन्। पुस मसान्तसम्म सुरु वा सम्पन्न हुनुपर्ने कुल २०४० माइलस्टोनको १२.११% सुरु नै हुन सकेका छैनन्।

आवधिक कार्य सम्पादनको तुलना गर्दा गत आ.व.को पुस मसान्तसम्मको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिको तुलनामा चालु आ.व.को सोहि अवधिको प्रगतिमा सामान्य सुधार देखिएको

छ। क्रियाकलाप र माइलस्टोनको कार्यान्वयनको प्रगति स्थितिलाई क्रमशः तालिका -१ र तालिका -२ मा प्रस्तुत गरिएको छः-

तालिका -१

क्रियाकलापहरूको स्थिति

क्षेत्र	२०७९ पुससम्म			
	क्रियाकलाप संख्या	सम्पन्न भएका	चालु	सुरु नभएका
आर्थिक	४२१	३७	२९८	८६
पूर्वाधार	३४५	३१	२५२	६२
सामाजिक	२३१	३६	१५०	४५
शासकीय सुधार	२७३	३९	१८२	५२
२०७९ को कूल	१२७०	१४३	८८२	२४५
२०७९ पौषको प्रगति स्थिति	प्रतिशत	११.२५%	६९.४५%	१९.२९%
२०७८ को कूल	११६७	१००	८०६	२६१
२०७८ पौषको प्रगति स्थिति	प्रतिशत	८.५७%	६८.९८%	२२.४५%

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

तालिका -२

कुल माइलस्टोनहरूको स्थिति

क्षेत्र	कुल संख्या	२०७९ पुससम्म								सुरु वा सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएका (कुल)
		सम्पन्न हुनुपर्ने	सम्पन्न भएका	सम्पन्न हुनुपर्ने मध्ये		सुरु हुनुपर्ने (पछाडिको महिनामा सम्पन्न हुने)	सुरु हुनुपर्ने (पछाडिको महिनामा सम्पन्न हुने) मध्ये			
				चालु	सुरु नभएका		सुरु भएका	सुरु नभएका		
आर्थिक	८७७	४१८	१०६	२५९	५७	२२३	२१३	१०		६७
पूर्वाधार	८००	२७०	७३	१६५	३३	३३०	२९५	३५		६८
सामाजिक	५०६	३१३	१०३	१४०	७१	७८	६९	८		७९
शासकीय सुधार	६१२	२७४	११२	१५३	१४	१३४	११०	१९		३३
कुल	२७९५	१२७५	३९४	७१७	१७५	७६५	६८७	७२		२४७
	प्रतिशत		३०.९०	५६.२३	१३.७२		८९.८०	९.४१		१२.११
२०७८ पुससम्मको स्थिति	२५२७	१२४०	३०३	६५०	२८७	६०४	५४१	६३		३५०
	प्रतिशत		२४.४३	५२.४२	२३.१४		८९.५६	१०.४३		१८.९८

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

मन्त्रालय तथा निकायहरूले चालु आ.व.को पुस महिनासम्म सुरु वा सम्पन्न गर्नुपर्ने क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिशत लेखाचित्र-१ मा प्रस्तुत गरिएको छः-

लेखाचित्र-१

कुल क्रियाकलाप तथा समीक्षा अवधिमा सम्पन्न वा सुरु हुनुपर्ने माइलस्टोनहरूको पुससम्मको प्रगति स्थिति





३. खर्च सम्बन्धी प्रगति स्थिति

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्षमा नेपाल सरकारद्वारा विनियोजित कुल बजेटमध्ये पुस मसान्तसम्ममा ३२.१३% खर्च भएको छ। यसमध्ये चालुतर्फ ३८.४६%, पूँजीगततर्फ १४.०५% तथा वित्तीय व्यवस्थापन तर्फ २९.४४% खर्च भएको छ। कुल खर्चसम्बन्धी विवरण तालिका-३ मा राखिएको छ।

तालिका-३

२०७९ पुससम्मको कुल खर्च विवरण

रु. अर्बमा

विषय	चालु	पूँजीगत	वित्तीय	कुल
कुल बजेट	११८३.२३५	३८०.३८४	२३०.२१८	१७९३.८३७
पुस सम्मको खर्च	४५५.१२७	५३.४५५	६७.७६५	५७६.३४७
खर्च प्रतिशत	३८.४६%	१४.०५%	२९.४४%	३२.१३%

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

४. क्षेत्रगत प्रगति स्थिति

४.१ आर्थिक क्षेत्र

आर्थिक क्षेत्र अन्तर्गत अर्थ, कृषि तथा पशुपंक्षी विकास, उद्योग, वाणिज्य तथा आपूर्ति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, वन तथा वातावरण, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र लगानी बोर्डको कार्यालयलाई समावेश गरी विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

(क) क्रियाकलापको प्रगति स्थिति

पुस मसान्तसम्म यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूका क्रियाकलापहरूको सम्पादनको तुलनात्मक स्थिति हेर्दा लगानी बोर्डको कार्यालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र अर्थ मन्त्रालयको क्रमशः १३.६४%, १३.४६% र १३.२७% सम्पन्न भएका छन् भने अन्यको सो भन्दा पनि कम र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको सबैभन्दा कम ३.६६% क्रियाकलाप मात्र सम्पन्न भएका छन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ८६.५४% क्रियाकलापहरू चालु अवस्थामा रहेका छन् भने लगानी बोर्डको कार्यालयको ३१.८२% क्रियाकलाप सुरु भएका छैनन्। समग्र आर्थिक क्षेत्रको क्रियाकलापको प्रगति स्थिति हेर्दा ८.७९% सम्पन्न भएको, ७०.७८% चालु अवस्थामा रहेको र २०.४३% कार्य सुरु नभएको देखिएको छ। यस क्षेत्रका क्रियाकलापहरूको सम्पादन सम्बन्धी विस्तृत विवरण तालिका-४ मा उल्लेख गरिएको छ।

तालिका-४

आर्थिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	कुल क्रियाकलाप	सम्पन्न		चालु		कार्य सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	अर्थ	९८	१३	१३.२७	५७	५८.१६	२८	२८.५७
२	कृषि तथा पशुपंछी विकास	८२	३	३.६६	६४	७८.०५	१५	१८.२९
३	उद्योग, वाणिज्य तथा आपूर्ति	७६	४	५.२६	५३	६९.७४	१९	२५.००
४	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	५२	४	७.६९	४५	८६.५४	३	५.७७
५	वन तथा वातावरण	३९	३	७.६९	२८	७१.७९	८	२०.५१
६	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	५२	७	१३.४६	३९	७५.००	६	११.५४
७	लगानी बोर्डको कार्यालय	२२	३	१३.६४	१२	५४.५५	७	३१.८२
कुल		४२१	३७	८.७९	२९८	७०.७८	८६	२०.४३

स्रोतः एकीकृत अनुगमन प्रणाली)

(ख) माइलस्टोनको प्रगति स्थिति

आर्थिक क्षेत्रका ७ निकायहरूको समग्र स्थिति हेर्दा २५.३६% माइलस्टोन मात्र सम्पन्न भएका छन्। यस अवधिमा सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये ६१.९६% चालु अवस्थामा रहेका छन् भने १३.६४% सुरु हुन सकेका छैनन्। लगानी बोर्डको कार्यालयको ६२.५% माइलस्टोन सम्पन्न भएको छ भने अन्य मन्त्रालयहरूको सम्पन्न प्रगति ५०% भन्दा कम छ। सम्पन्न हुनुपर्नेमध्ये तुलनात्मक रूपमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सबैभन्दा कम ९.५२% माइलस्टोन मात्र सम्पन्न भएको देखिएको छ। त्यसैगरी पुससम्म निश्चित लक्ष्य हासिल गरी चालु रहनुपर्ने माइलस्टोनहरूमध्ये ९५.५२% चालु अवस्थामा रहेका छन्। यस क्षेत्रका माइलस्टोनहरूको प्रगति सम्बन्धी विवरण तालिका-५ मा प्रस्तुत गरिएको छ।

तालिका-५

आर्थिक क्षेत्रका निकायहरूको माइलस्टोनहरूको पुस मसान्तसम्मको प्रगति स्थिति

क्र. सं.	मन्त्रालय/ निकाय	माइल स्टोन संख्या	पुस सम्म सम्पन्न हुनुपर्ने	पुससम्म सम्पन्न हुनुपर्नेमध्ये						पुस भित्र सुरु हुनुपर्ने	पुससम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये				पुसभित्र सुरु वा सम्पन्न हुनुपर्ने मध्ये सुरु नभएको प्रतिशत
				सम्पन्न		चालु		सुरु नभएको			सुरु भएको		सुरु नभएको		
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत		संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१	अर्थ	१४१	७३	२७	३७	४४	६०.२७	२	२.७४	२०	२०	१००	०	०	२.१५
२	कृषि	२१५	८३	२१	२५.३	५३	६३.८६	१३	१५.६६	७४	७०	९४.५९	४	५.४१	१०.८३
३	उद्योग	१३४	८४	८	९.५२	५५	६५.४८	२१	२५	२८	२६	९२.८६	२	७.१४	२०.५४
४	संस्कृति	११७	६०	१२	२०	४६	७६.६७	२	३.३३	१८	१८	१००	०	०	२.५६
५	वन	७५	२४	६	२५	१५	६२.५०	३	१२.५	२२	१९	८६.४	३	१३.६	१३.०४
६	भूमि व्यवस्था	१६६	८६	२७	३१.४	४३	५०	१६	१८.६	५१	५०	९८	१	१.९६	१२.४१
७	लगानी बोर्ड	२९	८	५	६२.५	३	३७.५०	०	०	१०	१०	१००	०	०	०.००
कुल		८७७	४१८	१०६	२५.३६	२५९	६१.९६	५७	१३.६४	२२३	२१३	९५.५२	१०	४.४८	१०.४५

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

यस क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको पूर्व निर्धारित कार्ययोजना अनुसारको कार्यसम्पादनको समय अनुसार विश्लेषण गर्दा पुससम्म सम्पन्न हुनुपर्ने ४१८ माइलस्टोनहरूमध्ये १०६ मात्र सम्पन्न भएका छन् भने सम्पन्न १०६ माईलस्टोनमध्ये ७४ समयमै, ७ माइलस्टोन निर्धारित समयभन्दा छिटो र २५ माइलस्टोन निर्धारित समयभन्दा ढिलो सम्पन्न भएका छन्। आर्थिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको सम्पन्न स्थिति तालिका-६ मा प्रस्तुत गरिएको छ।

तालिका-६

आर्थिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	माइलस्टोन संख्या	कुल सम्पन्न	छिटो सम्पन्न	समयमै सम्पन्न	ढिलो सम्पन्न
१	अर्थ	१४१	२७	०	१७	१०
२	कृषि तथा पशुपंछी विकास	२१५	२१	६	१५	०
३	उद्योग, वाणिज्य तथा आपूर्ति	१३४	८	१	५	२
४	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	११७	१२	०	१२	०
५	वन तथा वातावरण	७५	६	०	४	२
६	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	१६६	२७	०	१६	११
७	लगानी बोर्डको कार्यालय	२९	५	०	५	०
कुल		८७७	१०६	७	७४	२५

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

४.२ पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात, उर्जा, जलस्रोत तथा सिँचाई, शहरी विकास, खानेपानी र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालयहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

(क) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रअन्तर्गतका क्रियाकलापहरूको अर्धवार्षिक कार्यसम्पादनको स्थिति हेर्दा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको १६.३३% र ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको ११.३५% क्रियाकलाप सम्पन्न भएका छन् भने बाँकी तीन मन्त्रालयका क्रियाकलाप सम्पन्न अवस्था १०% भन्दा कम देखिएको छ। समग्र पूर्वाधार क्षेत्रको क्रियाकलापको अवस्था हेर्दा ८.९९% सम्पन्न, ७३.०४% चालु र १७.९७% सुरु नभएको अवस्था देखिन्छ। पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति तालिका-७ मा प्रस्तुत गरिएको छ।

तालिका-७

पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	कुल क्रियाकलाप	सम्पन्न		चालु		कार्य सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	भौतिक पूर्वाधार तथा यातायात	६४	४	६.२५	३६	५६.२५	२४	३७.५०
२	ऊर्जा, जलस्रोत तथा सिंचाई	१४१	१६	११.३५	११०	७८.०१	१५	१०.६४
३	शहरी विकास	४८	१	२.०८	४१	८५.४२	६	१२.५०
४	खानेपानी	४३	२	४.६५	३०	६९.७७	११	२५.५८
५	सञ्चार तथा सूचना प्रविधि	४९	८	१६.३३	३५	७१.४३	६	१२.२४
कुल		३४५	३१	८.९९	२५२	७३.०४	६२	१७.९७

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

(ख) माइलस्टोनको प्रगति स्थिति

यस समूहभित्र रहेका मन्त्रालयहरूको पुस मसान्तसम्म सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये खानेपानी मन्त्रालयको ३४.६१% र ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको ३१.६३%, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको २८.१६% र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको २५.८% सम्पन्न भएका छन् भने सहरी विकास मन्त्रालयको ११.३६% माइलस्टोन मात्र सम्पन्न भएका छन्। पूर्वाधार क्षेत्रको समग्र प्रगति अवस्था हेर्दा पुस मसान्तसम्म सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये २७.०३% सम्पन्न, ६१.१% चालु र बाँकी १२.२२% सुरु हुन नसकेको देखिएको छ। त्यस्तै पुस मसान्तसम्म सुरु हुनुपर्ने माइलस्टोनमध्ये ८९.४% सुरु भएका छन्। पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको समग्र प्रगति तालिका-८ मा प्रस्तुत गरिएको छ।

तालिका-८

पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको पुस मसान्तसम्मको प्रगति स्थिति

क्र. सं.	मन्त्रालय/ निकाय	माइल स्टोन संख्या	पुस सम्म सम्पन्न हुनुपर्ने	पुस सम्म सम्पन्न हुनुपर्नेमध्ये						पुस भित्र सुरु हुनुपर्ने	पुस सम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये				पुसभित्र सुरु वा सम्पन्न हुनुपर्नेमध्ये सुरु नभएको प्रतिशत
				सम्पन्न		चालु		सुरु नभएको			सुरु भएको		सुरु नभएको		
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत		संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१	भौतिक पूर्वाधार	१३२	३१	८	२५.८०	२१	६७.७	२	६.४५	४२	४१	९७.६	१	२.३८	४.११
२	ऊर्जा, जलस्रोत	३५३	९८	३१	३१.६३	४७	४८	२०	२०.४१	१९९	१७१	८५.९	२८	१४.०७	१६.२
३	सहरी विकास	१००	४४	५	११.३६	३२	७२.७	७	१५.९१	३३	३१	९३.९	२	६.०६	११.७
४	खानेपानी	९८	२६	९	३४.६१	१४	५३.८	३	११.५४	४८	४४	९१.७	४	८.३३	९.४६
५	सञ्चार	११७	७१	२०	२८.१६	५१	७१.८	१	१.४०	८	८	१००	०	०	१.२७
कुल		८००	२७०	७३	२७.०४	१६५	६१.१	३३	१२.२२	३३०	२९५	८९.४	३५	१०.६१	११.३

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

यस क्षेत्र अन्तर्गतका मन्त्रालयहरूको आर्थिक वर्ष २०७८/७९ को लागि वार्षिक कार्ययोजनामा यस अवधिमा सम्पन्न हुनुपर्ने गरी निर्धारण गरिएका कुल २७० माइलस्टोनमध्ये ७३ मात्र सम्पन्न भएका छन्। सम्पन्न माइलस्टोनहरूको समयसीमाका आधारमा विश्लेषण गर्दा १२ माइलस्टोन ढिलो सम्पन्न भएका छन् भने ५८ माइलस्टोन समयमै सम्पन्न भएका छन भने ३ माइलस्टोन समयमै सम्पन्न भएका छन्। समय सारिणीअनुसार माइलस्टोनको प्रगति तालिका-९ मा प्रस्तुत गरिएको छ।

तालिका-९

पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

क्र.स.	मन्त्रालय	माइलस्टोन संख्या	कुल सम्पन्न	छिटो सम्पन्न	समयमै सम्पन्न	ढिलो सम्पन्न
१.	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	१३२	८	०	७	१
२	ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	३५३	३१	२	२७	२
३	सहरी विकास मन्त्रालय	१००	५	०	५	०
४	खानेपानी मन्त्रालय	९८	९	०	७	२
५	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	११७	२०	१	१२	७
कुल		८००	७३	३	५८	१२

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

४.३ सामाजिक क्षेत्र

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा जनसंख्या, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, युवा तथा खेलकुद र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रगति विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालयहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

(क) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रसंग सम्बन्धित मन्त्रालयहरूका कुल २३१ क्रियाकलापहरू रहेकामा १५.५८% सम्पन्न भएका, ६४.९४% चालु अवस्थामा रहेका र १९.४८% सुरु नभएको देखिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको २७.१२%, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको २२.२२% सम्पन्न भएको देखिएको छ भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयको क्रमशः १०.५३% र १०.३४% क्रियाकलाप सम्पन्न भएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको क्रमशः ८.८२% क्रियाकलाप मात्र सम्पन्न भएका छन्। त्यसैगरी कुल ६४.९४% क्रियाकलाप चालु रहेकामा सबैभन्दा धेरै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ८४.२१ क्रियाकलापहरू चालु अवस्थामा रहेका छन्।

सामाजिक क्षेत्रका क्रियाकलापहरूको कार्यान्वयनसम्बन्धी प्रगति विवरण तालिका-१० मा प्रस्तुत गरिएको छः-

तालिका-१०

सामाजिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	कुल क्रियाकलाप	सम्पन्न		चालु		सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	शिक्षा, विज्ञान तथा प्रविधि	५९	१६	२७.१२	३३	५५.९३	१०	१६.९५
२	स्वास्थ्य तथा जनसंख्या	६८	६	८.८२	४६	६७.६५	१६	२३.५३
३	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	१९	२	१०.५३	१६	८४.२१	१	५.२६
४	युवा तथा खेलकुद	५८	६	१०.३४	३८	६५.५२	१४	२४.१४
५	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	२७	६	२२.२२	१७	६२.९६	४	१४.८१
कुल		२३१	३६	१५.५८	१५०	६४.९४	४५	१९.४८

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

(ख) माइलस्टोनको प्रगति स्थिति

यस क्षेत्रका कुल ५०६ माइलस्टोनमध्ये पुससम्म सम्पन्न हुनुपर्ने ३१३ माइलस्टोन निर्धारण गरिएको थियो। पुससम्म सम्पन्न हुनुपर्ने ३१३ माइलस्टोनमध्ये केवल ३२.९% माइलस्टोन मात्र सम्पन्न भएका, ४४.७% माइलस्टोन चालु रहेका र २२.७% माइलस्टोन सुरु हुन सकेका छैनन्। त्यसैगरी पुससम्ममा सुरु भई पछाडिको महिनामा सम्पन्न हुने ७८ माइलस्टोनमध्ये ८८.५% माइलस्टोन सुरु भएको देखिएको छ।

सम्पन्न भएका माइलस्टोनहरूमध्ये सबैभन्दा धेरै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ४७.८%, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको ४४.१%, युवा तथा खेलकुद मन्त्रालयको ३२.८%, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको २२.२% र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २१.१% रहेका छन्। चालु अवस्थामा सबैभन्दा धेरै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ७२.२% माइलस्टोन रहेका छन्। सम्पन्न हुनुपर्ने मध्ये सबभन्दा धेरै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ३३.९% माइलस्टोन सुरु हुन सकेका छैनन्। सामाजिक क्षेत्रका माइलस्टोनहरूको कार्यप्रगति सम्बन्धी विवरण तालिका-११ मा प्रस्तुत छ।

तालिका-११

सामाजिक क्षेत्रका माइलस्टोनहरूको पुस मसान्तसम्मको प्रगति स्थिति

क्र. सं.	मन्त्रालय/ निकाय	माइल स्टोन संख्या	पुस सम्म सम्पन्न हुनुपर्ने	पुस सम्म सम्पन्न हुनुपर्नेमध्ये						पुसभित्र सुरु हुनुपर्ने	पुस सम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये				पुस भित्र सुरु वा सम्पन्न हुनुपर्नेमध्ये सुरु नभएको प्रतिशत
				सम्पन्न		चालु		सुरु नभएको			सुरु भएको		सुरु नभएको		
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत		संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१	शिक्षा, विज्ञान तथा प्रविधि	१५०	१०२	४५	४४.१	४४	४३.१	१४	१३.७	५	४	८०	०	०	१३.१
२	स्वास्थ्य तथा जनसंख्या	१५४	१०९	२३	२१.१	४९	४५	३७	३३.९	२१	१५	७१.४	६	२८.५७	३३.१

क्र. सं.	मन्त्रालय/ निकाय	माइल स्टोन संख्या	पुस सम्म सम्पन्न हुनुपर्ने	पुस सम्म सम्पन्न हुनुपर्नेमध्ये						पुसभित्र सुरु हुनुपर्ने	पुस सम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये				पुस भित्र सुरु वा सम्पन्न हुनुपर्नेमध्ये सुरु नभएको प्रतिशत
				सम्पन्न		चालु		सुरु नभएको			सुरु भएको		सुरु नभएको		
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत		संख्या	प्रतिशत	संख्या	प्रतिशत	
३	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	४३	१८	४	२२.२	१३	७२.२	१	५.५६	१८	१७	९४.४	१	५.५५	५.५६
४	युवा तथा खेलकुद	१०९	६१	२०	३२.८	२३	३७.७	१८	२९.५	२२	२१	९५.५	१	०	२२.९
५	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	५०	२३	११	४७.८	११	४७.८	१	४.३५	१२	१२	१००	०	०	२.८६
कुल		५०६	३१३	१०३	३२.९	१४०	४४.७	७१	२२.७	७८	६९	८८.५	८	१०.२६	२०.२

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

यस क्षेत्र अन्तर्गतका मन्त्रालयहरूको आर्थिक वर्ष २०७९/८० को लागि वार्षिक कार्ययोजनामा कुल ५०६ माइलस्टोन निर्धारण गरिएका थियो। यस अवधिमा सम्पन्न हुनुपर्ने गरि ३१३ माइलस्टोन मध्ये १०३ माइलस्टोन सम्पन्न भएका छन्। सम्पन्न माइलस्टोनको समयसीमाका आधारमा हेर्दा ढिलो २९, छिटो ५ र ६९ माइलस्टोनहरू समयमै सम्पन्न भएको देखिन्छ। समयसारिणीका आधारमा सामाजिक क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-१२ मा प्रस्तुत छ।

तालिका-१२

सामाजिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

क्र.स.	मन्त्रालय	माइलस्टोन संख्या	सम्पन्न	छिटो सम्पन्न	समयमै सम्पन्न	ढिलो सम्पन्न
१	शिक्षा, विज्ञान तथा प्रविधि	१५०	४५	२	३३	१०
२	स्वास्थ्य तथा जनसंख्या	१५४	२३	०	१६	७
३	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	४३	४	०	४	०
४	युवा तथा खेलकुद मन्त्रालय	१०९	२०	०	१४	६
५	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	५०	११	३	२	६
कुल		५०६	१०३	५	६९	२९

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

४.४ शासकीय सुधार क्षेत्र

शासकीय सुधार क्षेत्र अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय र राष्ट्रिय सतर्कता केन्द्रको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूका क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

(क) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्र अन्तर्गत रहेका मन्त्रालय तथा निकायहरूका कुल २७३ क्रियाकलाप रहेकामा यस अवधिसम्ममा १४.२९% क्रियाकलाप मात्र सम्पन्न भएका छन् भने ६६.६७% चालु रहेका र १९.०५% सुरु हुन सकेका छैनन्। हालसम्म कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तुलनात्मक रूपमा सबै भन्दा बढी ३३.३३% र गृह मन्त्रालयको २०.७८% क्रियाकलापहरू सम्पन्न भएको देखिएको छ भने बाँकी निकायहरूको क्रियाकलाप सम्पन्न स्थिति सो भन्दा पनि कम रहेको छ। शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको प्रगति स्थिति तालिका-१३ मा प्रस्तुत गरिएको छः

तालिका-१३

शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको प्रगति स्थिति

क.स.	मन्त्रालय/निकाय	कुल क्रियाकलाप	सम्पन्न		चालु		सुरु नभएको	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३१	४	१२.९०	१६	५१.६१	११	३५.४८
२	गृह	७७	१६	२०.७८	५४	७०.१३	७	९.०९
३	रक्षा	३२	०	०.००	२९	९०.६३	३	९.३८
४	सङ्घीय मामिला तथा सामान्य प्रशासन	६२	११	१७.७४	४५	७२.५८	६	९.६८
५	कानून, न्याय तथा संसदीय मामिला	१५	५	३३.३३	१०	६६.६७	०	०.००
६	परराष्ट्र	२३	०	०.००	१४	६०.८७	९	३९.१३
७	राष्ट्रिय योजना आयोग	१८	२	११.११	७	३८.८९	९	५०.००
८	सार्वजनिक खरिद अनुगमन कार्यालय	९	०	०.००	६	६६.६७	३	३३.३३
९	राष्ट्रिय सतर्कता केन्द्र	६	१	१६.६७	१	१६.६७	४	६६.६७
	कुल	२७३	३९	१४.२९	१८२	६६.६७	५२	१९.०५

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

(ख) माइलस्टोनको प्रगति स्थिति

यस समूहभित्र पुससम्म सम्पन्न हुनुपर्ने माइलस्टोनहरू २७४ रहेकामा केवल ४०.९% मात्र सम्पन्न भएका छन् भने ५५.८४% चालु रहेका र ५.११% सुरु नै हुन सकेका छैनन्। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको निर्धारित समय भन्दा छिटो सम्पन्न भएका ३ माइलस्टोन सहित १३ माइलस्टोन सम्पन्न भएका छन् भने सम्पन्न हुनुपर्ने मध्येका २ माइलस्टोन चालु र १ माइलस्टोन सुरु हुन नसकेको देखिन्छ। सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये सार्वजनिक खरिद अनुगमन कार्यालय र राष्ट्रिय सतर्कता केन्द्रको ७५% सम्पन्न भएका छन् भने यस समूहका अन्य निकायहरूको माइलस्टोनको सम्पन्न स्थिति ५०% भन्दा न्यून देखिएको छ।

त्यसैगरी पुसभित्र सुरु भई पछाडिको महिनामा सम्पन्न हुने माइलस्टोनहरू १३४ रहेकामा ८२.१% माइलस्टोनहरू सुरु भएका छन् भने १४.१८% माइलस्टोनहरू सुरु हुन सकेका छैनन्। पुसभित्र सुरु वा सम्पन्न हुनुपर्ने जम्मा ४०८ माइलस्टोनहरूमध्ये ८.०९% सुरु नभएको देखिएको छ। शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-१४ मा प्रस्तुत गरिएको छः-

तालिका-१४

शासकीय सुधार क्षेत्रका माइलस्टोनको पुस मसान्तसम्मको प्रगति विवरण

क्र.सं.	मन्त्रालय/ निकाय	माइल स्टोन संख्या	पुससम्म सम्पन्न हुनुपर्ने	पुस सम्म सम्पन्न हुनुपर्नेमध्ये						पुस भित्र सुरु हुनुपर्ने	पुससम्म सुरु हुनुपर्ने(पछाडिको महिनामा सम्पन्न हुने) मध्ये				पुसभित्र सुरु वा सम्पन्न हुनुपर्नेमध्ये सुरु नभएको प्रतिशत
				सम्पन्न		चालु		सुरु नभएको			सुरु भएको		सुरु नभएको		
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत		संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१	प्र.म. तथा म.प.को कार्यालय	५१	१३	६	४६.२	४	३०.७७	३	२३.१	१९	१४	७३.७	५	२६.३२	२५.००
२	गृह	२०७	१२६	५६	४४.४	६५	५१.५९	७	५.५६	३१	२९	९३.५	१	३.२२६	५.१०
३	रक्षा	९१	३४	५	१४.७	२९	८५.२९	०	०	२५	२४	९६	१	४	१.६९
४	सङ्घीय मामिला तथा सामान्य प्रशासन	१३०	५९	१९	३२.२	४०	६७.८०	०	०	२०	२०	१००	०	०	०.००
५	कानून, न्याय तथा संसदीय मामिला	३१	१३	१३	१००	२	१५.३८	१	०	११	३	२७.३	५	४५.४५	२५.००
६	परराष्ट्र	३७	७	३	४२.९	४	५७.१४	१	१४.३	१५	१३	८६.७	१	६.६६७	९.०९
७	राष्ट्रिय योजना आयोग	३२	१४	४	२८.६	८	५७.१४	२	१४.३	०	०	०	०	०	१४.२९
८	सार्वजनिक खरिद अनुगमन कार्यालय	२०	४	३	७५	०	०.००	०	०	८	७	८७.५	१	१२.५	८.३३
९	राष्ट्रिय सतर्कता केन्द्र	१३	४	३	७५	१	२५.००	०	०	५	०	०	५	१००	५५.५६
कुल		६१२	२७४	११२	४०.९	१५३	५५.८४	१४	५.११	१३४	११०	८२.१	१९	१४.१८	८.०९

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

यस क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको आर्थिक वर्ष २०७९/८० का लागि निर्धारित माइलस्टोनहरू मध्ये ११२ माइलस्टोनहरू मात्र सम्पन्न भएकामा यी माइलस्टोनहरूको समयसीमाका आधारमा अध्ययन गर्दा ६ माइलस्टोन छिटो सम्पन्न भएको देखिएको छ ८० माइलस्टोन निर्धारित समयमै सम्पन्न भएका छन्। समयसारिणीका आधारमा शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका १५ मा प्रस्तुत गरिएको छ।

तालिका-१५

शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

क्र.स.	मन्त्रालय/निकाय	माइलस्टोन संख्या	सम्पन्न	छिटो सम्पन्न	समयमै सम्पन्न	ढिलो सम्पन्न
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५१	६	०	६	०
२	गृह	२०७	५६	३	४३	१०
३	रक्षा	९१	५	०	४	१
४	सङ्घीय मामिला तथा सामान्य प्रशासन	१३०	१९	०	१६	३
५	कानून, न्याय तथा संसदीय मामिला	३१	१३	३	१	९
६	परराष्ट्र	३७	३	०	३	०
७	राष्ट्रिय योजना आयोग	३२	४	०	४	०
८	सार्वजनिक खरिद अनुगमन कार्यालय	२०	३	०	३	०
९	राष्ट्रिय सतर्कता केन्द्र	१३	३	०	०	३
कुल		६१२	११२	६	८०	२६

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

ख. छानिएका आयोजनाहरूको प्रगति विश्लेषण

१. पृष्ठभूमि

राष्ट्रिय गौरव, रुपान्तरणकारी तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूको कार्यान्वयनका क्रममा देखा परेका समस्याहरू तत्काल समाधान गरी तोकिएको समयमा नै सम्पन्न गर्न सहयोग पुऱ्याउने उदेश्यले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा तत्काल समस्या समाधान केन्द्रको स्थापना भएको छ। यस केन्द्र आयोजनाहरूको कार्यान्वयनका क्रममा आइपर्ने समस्याहरूको निकायगत समन्वय गरी समस्या समाधानमा क्रियाशील रहेको छ। राष्ट्रिय बजेटमा उल्लेखनीय हिस्सा ओगट्ने तथा महत्व राख्ने र विषय क्षेत्रगत नतिजा सूचक हासिल गर्न योगदान पुऱ्याउने विभिन्न आयोजनाहरूको कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्यले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आर्थिक वर्ष २०७९/८० मा सघन अनुगमनका लागि ३० आयोजनाहरू छनौट भएका छन्। यी आयोजनाहरूलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनलाइन अनुगमन प्रणालीमा आबद्ध गरी मासिक रुपमा प्रगति लिने कार्य हुँदै आएको छ। देशको पूँजीगत बजेटको ठूलो हिस्सा ओगट्ने यी आयोजनाहरूले विकास, समृद्धि र सामाजिक रुपान्तरणको क्षेत्रमा उल्लेखनीय भूमिका खेल्न सक्ने देखिन्छ।

यस प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क तथा विवरणहरू सम्बन्धित आयोजनाले एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरेका विवरणहरूमा आधारित छन्। छानिएका आयोजनाहरूको कार्ययोजना सम्बद्ध मन्त्रालयको सहभागिता तथा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयजस्ता अन्तरसम्बन्धित निकायहरूको संलग्नतामा सम्बद्ध मन्त्रालयको कार्ययोजनासँग तालमेल हुने गरी तर्जुमा गरिएको थियो।

२. छानिएका आयोजनाहरूको विवरण

आर्थिक वर्ष २०७९/८० मा नियमित प्रगति अनुगमनका लागि ३० वटा आयोजनाहरू छानिएका छन्। यी आयोजनाहरू मध्ये सबैभन्दा धेरै पूर्वाधार क्षेत्र अन्तर्गतका २० आयोजना, कूल आयोजनाको ६६.६७% रहेका छन् भने आर्थिक, सामाजिक तथा शासकीय सुधार क्षेत्र अन्तर्गत १० आयोजना रहेका छन्।

२.१ छानिएका आयोजनाहरूको मन्त्रालयगत विभाजन

विभिन्न मन्त्रालय अन्तर्गत रहेका आयोजनाहरूलाई मन्त्रालयगत रुपमा विभाजन गरी तालिका १६ मा देखाइएको छ।

तालिका १६

आयोजनाहरूको मन्त्रालयगत विभाजन

क्र.सं.	मन्त्रालय (छानिएका आयोजना संख्या)	आयोजनाको नाम
१	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय (७ वटा)	हुलाकी राजमार्ग (पूलहरू समेत), पुष्पलाल(मध्य पहाडी) लोकमार्ग, रेल्वे,मेट्रो रेल तथा मोनोरेल विकास आयोजना, नागढुङ्गा सुरूङ्गमार्ग निर्माण आयोजना, राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम, गल्छी त्रिशुली- मैलुङ्ग-स्याफ्रुबेंशी रसुवागढी सडक आयोजना, उत्तर दक्षिण लोकमार्ग- कोशी, कर्णाली, कालीगण्डकी(पाल्पा), कालीगण्डकी (जोमसोम)
२	ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय (७ वटा)	सिक्टा सिंचाइ आयोजना, भरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना, रानी जमरा कुलरिया सिंचाइ आयोजना, अपर अरुण जलविद्युत आयोजना, तनहुँ जलविद्युत आयोजना, नेपाल भारत विद्युत प्रशारण, सुनकोशी मरिन डाइभर्सन आयोजना
३	शहरी विकास मन्त्रालय (३ वटा)	सघन शहरी विकास कार्यक्रम, विशेष भवन निर्माण आयोजना, नयाँ सहर आयोजना
४	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (३ वटा)	व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना-दोस्रो, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, विद्यालय शिक्षा क्षेत्र योजना केन्द्रस्तर
५	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (३ वटा)	एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम, कोभिड १९ रोकथाम तथा नियन्त्रण कार्यक्रम
६	गृह मन्त्रालय (१वटा)	राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम
७	परराष्ट्र मन्त्रालय (१ वटा)	राहदानी विभाग
८	रक्षा मन्त्रालय (१ वटा)	काठमाण्डौं तराई मधेश द्रुतमार्ग
९	कृषि तथा पशुपन्छी विकास मन्त्रालय (१ वटा)	प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम
१०	खानेपानी मन्त्रालय (१ वटा)	मेलम्ची खानेपानी आयोजना
११	अर्थ मन्त्रालय (१ वटा)	मिलेनियम च्यालेञ्ज एकाउण्ट (MCA-Nepal)
१२	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (१ वटा)	प्रधानमन्त्री रोजगार कार्यक्रम

३. आयोजनाहरूको प्रगति स्थिति

छानिएका आयोजनाहरूमध्ये नियमित प्रगति विवरण प्रविष्टि गर्ने २७ आयोजनाहरू रहेका छन् भने कोभिड नियन्त्रण रोकथाम कार्यक्रम, राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम र विद्युतीय राहदानीसम्बन्धी कार्यक्रमको आंशिक विवरण मात्र प्राप्त भएको छ।

३.१ छानिएका आयोजनाहरूको अर्ध वार्षिक प्रगति

आयोजनाहरूको अर्धवार्षिक भौतिक तथा वित्तीय प्रगति तालिका नं. १७ मा देहायबमोजिम देखाइएको छ।

तालिका १७

भौतिक तथा वित्तीय प्रगति विवरण

क्र. सं.	आयोजना	वार्षिक लक्ष्यको तुलनामा पौषमहिनासम्मको		वार्षिक लक्ष्यको तुलनामा पौष महिनासम्मको		आयोजनाको कूल लक्ष्यको तुलनामा पौष महिनासम्मको	
		भौतिक लक्ष्य (%)	भौतिक प्रगति (%)	वित्तीय लक्ष्य(%)	बित्तीय प्रगति(%)	भौतिक प्रगति(%)	बित्तीय प्रगति(%)
१.	मिलेनियम च्यालेञ्ज एकाउण्ट (MCA-Nepal)	४०	९.५२	४०	९.५२	६.९५	६.९५
२.	अपर अरुण जलविद्युत	४२	१८.१०	४०	८.७८	१.४३	१.०५
३.	उत्तर दक्षिण लोकमार्ग						
	उत्तर दक्षिण (कर्णाली)	४०	१७	४०	१०	२१	२०
	उत्तर दक्षिण (कालिगण्डकी कोरिडोर) लोकमार्ग, पाल्पा	४५	९७	४५	९९	३३	३२.५०
	उत्तर दक्षिण (कालिगण्डकी कोरिडोर) लोकमार्ग, जोमसोम	३७	२४	३२	१३	७२	६५
	उत्तर दक्षिण (कोशी) लोकमार्ग	३०	३८.५	३०	२३.७७	४०	३८.९०
४.	एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	५०	४७.८६	५०	३५.८८	२०.३६	१६.२०
५.	काठमाण्डौं तराई मधेस द्रुतमार्ग	३८.६३	३.१४	३८.६६	५.३०	२१.७३	२०.४९
६.	गल्छी त्रिशुली मैलुंग स्यफ्रुबेंशी रसुवागढी सडक आयोजना	३५	१४.५३	३४	१४.५३	५३.०४	५३.०४
७.	तनहुँ जलविद्युत	-	५३.२३	-	५०.९३	३४.५४	३२.६६
८.	नयाँ सहर विकास	२५	१३	२५	६.३५	९	१६.१३
९.	नागढुंगा सुरुंगमार्ग निर्माण	४०.२	४७.९	३३.३	४९.६	४७.९	४९.६
१०.	नेपाल भारत विद्युत प्रशारण	५१	३१.८२	४८	१६.४९	७९.६७	७७.२८
११.	पुष्पलाल (मध्य पहाडी) लोकमार्ग	२७.७८	१६.२१	३०	१६.३४	६६.३३	७१.५७

क्र. सं.	आयोजना	वार्षिक लक्ष्यको तुलनामा पौषमहिनासम्मको		वार्षिक लक्ष्यको तुलनामा पौष महिनासम्मको		आयोजनाको कूल लक्ष्यको तुलनामा पौष महिनासम्मको	
		भौतिक लक्ष्य (%)	भौतिक प्रगति (%)	वित्तीय लक्ष्य(%)	बित्तीय प्रगति(%)	भौतिक प्रगति(%)	बित्तीय प्रगति(%)
१२.	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना	४५	४९.७६	३०	३३.८५	३०	१२.८४
१३.	प्रधानमन्त्री रोजगार कार्यक्रम	३०	३०	२०	८.८०	३०	८.८०
१४.	विद्यालय क्षेत्र विकास कार्यक्रम –केन्द्र स्तर	-	६८	-	५४	५१	१५
१५.	विशेष भवन निर्माण	२०	३५	१८	१८.७	५०.७	६१.८
१६.	भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय	३६	२०.५	३०	१४.५९	५८.५०	४२.८२
१७.	मेलम्ची खानेपानी	३०	२४.५१	३०	२९.१८	९८.६८	९६.४०
१८.	रानी जमरा कुलरिया सिंचाई	३०	१६.८३	२०	१६.२६	६१.७१	६०.२१
१९.	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	७०	६०	५५	६०	६०	७०
२०.	राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम	५५.३९	५३.२९	५२.७४	६४.०४	५३.२९	६४.०४
२१.	रेल, मेट्रोरेल तथा मोनोरेल विकास	५०	२१.५०	५०	२२	४०	३९.५०
२२.	व्यवसायिक शिक्षा तथा तालीम अभिवृद्धि योजना-दोस्रो	५४	५२.३३	६७	३३.४८	६७.१८	३६.८१
२३.	सघन शहरी विकास कार्यक्रम	४०	४०	-	-	४०	-
२४.	सिक्टा सिंचाई आयोजना	३८.१	५९.८४	३६.१	५२.६२	३९.२२	३७.२९
२५.	सुनकोशी मरिन डाइभर्सन	५०	८१.५	४४	८८	१२	१२.६९
२६.	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५०	१.०६	५०	०.२६	०.५४	०.१३
२७.	हुलाकी राजमार्ग	४३.२	१९.६४	४३.२	३९.१०	८३.७१	८५.४०

यसरी अर्ध वार्षिक प्रगति प्रविष्टि गर्ने आयोजनाहरूमा उत्तर दक्षिण कोशी लोकमार्ग, उत्तर दक्षिण कालिगण्डकी लोकमार्ग (पाल्पा), नागढुंगा सुरुङमार्ग निर्माण, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, विशेष भवन निर्माण आयोजना, सिक्टा सिंचाइ आयोजना र सुनकोशी मरिन डाइभर्सन आयोजनाहरूको वार्षिक लक्ष्यको तुलनामा पौष महिनासम्मको भौतिक प्रगति लक्ष्यभन्दा बढी रहेको पाइएको छ भने उत्तर दक्षिण कालिगण्डकी लोकमार्ग (पाल्पा), नागढुंगा सुरुङमार्ग निर्माण, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, विशेष भवन निर्माण आयोजना, सिक्टा सिंचाइ आयोजना र सुनकोशी मरिन डाइभर्सन आयोजना, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम र

राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रमको वार्षिक लक्ष्यको तुलनामा पौष महिनासम्मको वित्तीय प्रगति लक्ष्यभन्दा बढी रहेको पाइएको छ।

त्यसैगरी मिलेनियम च्यालेञ्ज एकाउण्ट (MCA-Nepal), अपर अरुण, उत्तर दक्षिण कर्णाली लोकमार्ग, काठमाण्डौं तराइ मधेस द्रुतमार्ग, गल्छी त्रिशुली मैलुंग स्यफ्रुबेंशी रसुवागढी सडक आयोजना, रेल मेट्रोरेल तथा मोनोरेल विकास आयोजना, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम र हुलाकी राजमार्ग गरी ८ आयोजनाहरूको पौष महिनासम्मको भौतिक प्रगति भने लक्ष्यको तुलनामा आधा भन्दा पनी कम रहेको पाइएको छ।

४. आयोजनाहरूको क्रियाकलाप तथा माइलस्टोन स्थिति

छानिएका आयोजनाको कूल २७२ क्रियाकलाप र ५४५ माइलस्टोन रहेकोमा क्रियाकलाप र माइलस्टोनलाई सम्पन्न, चालू र सुरु नभएको गरी तालिका नं २० र २१ मा प्रस्तुत गरिएको छ।

४.१ क्रियाकलाप स्थिति

क्रियाकलापको विभाजनलाई देहायबमोजिम तालिका नं. १८ मा प्रस्तुत गरिएको छ।

तालिका १८

अर्धवार्षिक क्रियाकलाप स्थिति

कुल	आयोजना	कुल क्रियाकलाप संख्या	कार्य सुरु नभएको	काम भइरहेको	सम्पन्न
	३०	२७२	४९	१८९	३४
प्रतिशत			१८.०१	६९.४९	१२.५

४.२ माइलस्टोन स्थिति

५४५ माइलस्टोनलाई सम्पन्न, चालू र सुरु नभएका स्थितिमा वर्गीकरण गरी निम्न बमोजिम तालिका नं. १९ मा प्रस्तुत गरिएको छ।

तालिका १९

आयोजनाहरूको अर्धवार्षिक माइलस्टोन स्थिति

आयोजना	पौषभित्र सुरु हुनपर्नेमा		पौषसम्म सम्पन्न हुनपर्नेमा			अन्य	कूल माइलस्टोन संख्या
	चालू	सुरु नभएका	चालू	सुरु नभएका	सम्पन्न		
	१७९	१८	९७	३६	८२		
३०	१९७		२१५			१३३	५४५

ग. समस्या र कारणहरूको विश्लेषण

१. मन्त्रालय/निकायहरूका समस्या र कारणहरूको विश्लेषण

- विगतमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित सबै विभागिय मन्त्रालय, राष्ट्रिय योजना आयोग र लगानी बोर्डको कार्यालयको यस प्रणालीबाट अनुगमन हुँदै आएकोमा चालु आ.व.मा सार्वजनिक खरिद अनुगमन कार्यालय र राष्ट्रिय सतर्कता केन्द्रसमेत गरि जम्मा २६ मन्त्रालय/निकायहरूको कार्यसम्पादन प्रगतिको चित्रण तथा विश्लेषण गरिएको छ।

- एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट गरिएको मन्त्रालय तथा निकायहरूको वार्षिक कार्ययोजना अनुसार आधारभूत रूपमा आश्विन मसान्त सम्म मन्त्रालयहरूले विद्यमान कानूनहरू (कार्यविधि, निर्देशिका आदि) को संशोधन कार्य, बोलपत्र आव्हान तथा सूचना प्रकाशन कार्य, लागत अनुमान तयार गर्ने तथा प्रस्ताव आव्हान गर्ने जस्ता प्रारम्भिक कार्यहरू सम्पन्न गरिसक्नु पर्नेमा पुसमसान्तसम्ममा कतिपय त्यस्ता माइलस्टोनहरू सम्पन्न हुन नसकेको देखिएको छ।

- यस प्रतिवेदनमा विश्लेषण गरिएका मन्त्रालय एवं निकायहरूसँग सम्बन्धित समीक्षा अवधिसम्ममा सम्पन्न भईसक्नुपर्ने गरी निर्धारण गरिएका तर सुरु हुन नसकेका १७५ माइलस्टोनहरूको मासिक विभाजन हेर्दा श्रावणमा १०, भाद्रमा २०, आश्विनमा ३९, कार्तिकमा ३६, मार्गमा २६ र पौषमा ४४ सम्पन्न हुनुपर्ने माइलस्टोनहरू हालसम्म पनि सुरु हुन सकेका छैनन्। त्यसैगरी पुससम्ममा सुरु भई पछाडिका महिनामा सम्पन्न हुने र समीक्षा अवधिमा निश्चित प्रगति हासिल भएको हुनुपर्ने माइलस्टोनहरू मध्ये ७२ माईलस्टोनहरू सुरु हुनसकेका छैनन्। यसको विस्तृत विवरण तालिका-२० मा उल्लेख गरिएको छ।

तालिका-२०

सुरु नभएका माइलस्टोनको वर्गीकृत तालिका (मन्त्रालय/निकाय)

क.स.	मन्त्रालय/ निकाय	सम्पन्न हुनुपर्ने तर सुरु नभएका माइलस्टोनको सम्पन्न हुनुपर्ने महिना							पुससम्म सुरु भई असारमा सम्पन्न हुनेमध्ये सुरु नभएको	कुल जम्मा
		श्रावण	भाद्र	अश्विन	कार्तिक	मार्ग	पौष	जम्मा		
१	अर्थ	०	०	०	१	०	१	२	०	२
२	कृषि	२	४	४	१	१	१	१३	४	१७
३	उद्योग	१	३	९	५	२	१	२१	२	२३
४	संस्कृति	०	०	१	०	०	१	२	०	२
५	वन	०	१	०	०	१	१	३	३	६
६	भूमि	३	२	२	१	५	३	१६	१	१७
७	भौतिक	०	०	०	०	०	२	२	१	३

क्र.स.	मन्त्रालय/ निकाय	सम्पन्न हुनुपर्ने तर सुरु नभएका माइलस्टोनको सम्पन्न हुनुपर्ने महिना							पुससम्म सुरु भई असारमा सम्पन्न हुनेमध्ये सुरु नभएको	कुल जम्मा
		श्रावण	भाद्र	अश्विन	कार्तिक	मार्ग	पौष	जम्मा		
८	ऊर्जा	१	१	६	५	२	५	२०	२८	४८
९	सहरी	०	०	३	०	०	४	७	२	९
१०	खानेपानी	०	०	१	२	०	०	३	४	७
११	सञ्चार	०	०	०	०	०	१	१	०	१
१२	शिक्षा	०	०	२	४	२	६	१४	०	१४
१३	स्वास्थ्य	१	६	३	११	८	८	३७	६	४३
१४	महिला	०	०	१	०	०	०	१	१	२
१५	युवा	१	१	५	१	३	७	१८	१	१९
१६	श्रम	०	०	०	०	१	०	१	०	१
१७	प्र.म. तथा म.प.	१	०	०	१	०	१	३	५	८
१८	गृह	०	०	१	४	१	१	७	१	८
१९	कानून	०	१	०	०	०	०	१	५	६
२०	परराष्ट्र	०	०	०	०	०	१	१	१	२
२१	रा.यो.आ	०	१	१	०	०	०	२	०	२
२२	रक्षा	०	०	०	०	०	०	०	१	१
२३	सा.ख.अ.का	०	०	०	०	०	०	०	१	१
२४	रा.स.के.	०	०	०	०	०	०	०	५	५
कुल		१०	२०	३९	३६	२६	४४	१७५	७२	२४७

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

- माथि तालिकामा देखाइएका सम्पन्न हुनुपर्ने तर सुरू नभएका १७५ माइलस्टोनको प्रणालीमा प्राप्त विवरण अध्ययन गर्दा सुरु हुन नसक्नुमा २३ माइलस्टोनहरूको स्पष्ट कारण खुलाइएको छैन। कारण खुलाइएका मध्ये धेरैजसो कार्यहरू सम्बन्धित मन्त्रालय तथा निकायहरूको आवश्यक पूर्वतयारी नपुगेको कारणले उक्त कार्यमा ढिलाइ हुन पुगेको देखिन्छ। यसको मतलव मन्त्रालय तथा निकायहरूको कार्ययोजना निर्माण वा कार्यक्रम निर्धारण नै वस्तुपरक, यथार्थ र वैज्ञानिक हुन सकेको छैन अथवा मन्त्रालयहरूले पूर्वनिर्धारित कार्ययोजना बमोजिमको कार्यसम्पादनमा चासो दिएका छैनन् भन्ने स्पष्ट हुन आउँछ।

- प्राप्त विवरण अनुसार पुस मसान्तसम्म सुरु वा सम्पन्न हुनुपर्ने माइस्टोनमध्ये सुरु हुन नसकेका माइलस्टोनको कारणहरू देहाय बमोजिम रहेका छन्-

तालिका- २१

पौषसम्म सम्पन्न हुनुपर्ने मध्ये काम सुरु हुन नसकेका माइलस्टोनको कारणहरू (मन्त्रालय/निकाय)

क्र. स.	मन्त्रालय/ निकाय	काम सुरु हुन नसक्नुका कारणहरू **										कुल
		१	२	३	४	५	६	७	८	९	१०	
१	अर्थ	२										२
२	कृषि	८	१			१			२		१	१३
३	उद्योग	३	५	६	१	२		१	१	२		२१
४	संस्कृति		१			१						२
५	वन	१		१							१	३
६	भूमि		७		१						८	१६
७	भौतिक	२										२
८	ऊर्जा	१४	१	२			१				२	२०
९	सहरी	२		१			४					७
१०	खानेपानी	३										३
११	सञ्चार					१						१
१२	शिक्षा	५	४		४						१	१४
१३	स्वास्थ्य	१८	९	१	२	१	१		१		४	३७
१४	महिला	१										१
१५	युवा	३	२	६				३	१		३	१८
१६	श्रम					१						१
१७	प्र.म. तथा म.प.			१				१			१	३
१८	गृह	६									१	७
१९	कानून										१	१
२०	परराष्ट्र	१										१
२१	रा.यो.आ	१	१									२
कुल		७०	३१	१८	८	७	६	५	५	२	२३	१७५

***((१) पूर्वतयारी पूरा नभएको (२) बजेट व्यवस्थापन /स्रोत सुनिश्चितता नभएको (३) अन्तर तह/मन्त्रालय/निकाय समन्वय हुन नसकेको (४) अन्य निकायको सहमति प्राप्त नभएको (५) कानून, कार्यविधि तथा प्रक्रियागत आधार तयार नभएको (६) स्थान छनौट/जग्गा प्राप्ति नभएको (७) जनशक्ति अभाव तथा नेतृत्व परिवर्तन (८) कार्यक्रमको पुनर्संरचना गर्नुपरेको (९) विवाद तथा कानूनी जटिलता (१०) कारण नखुलेको*

- माथिको तालिकालाई विश्लेषण गर्दा हालसम्म सुरु वा सम्पन्न हुनुपर्ने मध्ये कार्य सुरु हुन नसक्नुका कारणहरूमा पूर्वतयारीका कार्यहरू पूरा हुन नसक्नु प्रमुख कारणको रूपमा रहेको छ। आर्थिक वर्षको प्रारम्भमै गर्नुपर्ने कार्यहरू जस्तै वार्षिक खरिद योजना बनाई लागू गर्ने, बोलपत्र सम्बन्धी कागजातहरू तयार गर्ने, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, सेवा निकाय छनौटका लागि सूचना प्रकाशन गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा संचालन ढाँचा तयार गर्ने जस्ता पूर्वतयारीका कार्यहरू हुन नसकेकोले कार्यक्रमहरू अगाडि बढ्न सकेका छैनन्। आर्थिक वर्षको प्रारम्भमै सम्पन्न हुनुपर्ने माइलस्टोनहरू समयमै सम्पन्न हुन नसक्दा त्यसपछि सञ्चालन हुने क्रियाकपालहरू स्वतः प्रभावित हुने कुरा स्वयंसिद्ध नै छ। समिक्षा अवधिमा ७० माइलस्टोन पूर्वतयारी पूरा हुन नसकेकोले प्रभावित भएको देखिएको छ।

- पुस मसान्तसम्म सम्पन्न वा सुरु हुनुपर्ने माइलस्टोनहरूमध्ये ३१ माइलस्टोनहरू बजेट व्यवस्थापन हुन नसकेको वा स्रोत सुनिश्चितता नभएको कारणबाट प्रभावित देखिएका छन्। एकातिर पूँजिगत खर्च क्षमता कमजोर हुनु अर्कोतिर बजेट व्यवस्थापन हुन नसकेको कारणले पूँजिगत खर्चमा सुधार नभएको देखिनु आफैंमा विरोधाभासपूर्ण देखिएको छ।

- १८ माइलस्टोन अन्तरतह/मन्त्रालय/निकाय सँगको समन्वय प्रभावकारी नहुँदा सुरू हुन नसकेको देखिएको छ। सम्बन्धित निकायबाट नियमावली वा कार्यविधि जस्ता विषयहरू समयमै स्वीकृत/संशोधन नहुनु, अन्य निकायबाट सहमति प्राप्त नहुने आदि कारणले समेत कार्यक्रमहरू प्रभावित भएको देखिएकोले प्रचलित ऐन/कानूनमा व्यवस्था भएका समन्वयकारी संयन्त्रलाई थप क्रियाशील गराउनु आवश्यक देखिएको छ।

- अन्तर निकाय सहमति/राय प्राप्त गर्नुपर्ने/प्रदान गर्ने विषयमा तोकिएको समयसीमामा रही कार्यसम्पादन गर्नुपर्दछ। यस्ता विषयहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सहजीकरण गरिनुपर्दछ।

- आर्थिक वर्षको सुरुमै कानून, कार्यविधि तथा प्रक्रियागत आधार तयार नभएको कारणले ७ माइलस्टोनहरू प्रभावित भएको देखिएको छ। कार्यसम्पादनको कानूनी आधार एवम् कार्यविधि तयार गर्ने सम्बन्धमा मन्त्रालय/निकायहरू कार्ययोजना निर्माणको चरण देखिनै गम्भीर हुनुपर्ने देखिएको छ।

- स्थान छनौट तथा जग्गा प्राप्तिमा देखिएको प्रक्रियागत ढिलाइ, जनशक्ति अभाव तथा आयोजना प्रमुखहरूको अव्यवस्थित सरूवा, कार्ययोजनामा तय गरिएका कार्यक्रमकै पुनर्संरचना गर्नुपरेको कारण तथा विवाद तथा कानूनी जटिलतालेसमेत केही माइलस्टोन प्रभावित भएको देखिएको छ।

- कुनै कारण उल्लेख नगरिएका वा सम्बन्धित विषयमा प्रतिवेदन नै नगरिएकाले प्रारम्भ हुन नसकेका भनी उल्लेख भएका माइलस्टोनहरूको संख्या २३ रहेकोले मन्त्रालय/निकायहरूले समयमा प्रतिवेदन गर्ने र सम्बन्धित समस्याको जानकारी गराई समाधान गर्न लाग्नुपर्ने देखिएको छ। यसरी समयमै प्रतिवेदन नगर्नुले या त मन्त्रालयले प्रतिवेदनमा ध्यान नदिएको या उक्त विषय मन्त्रालयको प्राथमिकतामा नपरेको हुन सक्दछ।

२. आयोजनाहरूका समस्या र कारणहरूको विश्लेषण

छानिएका ३० आयोजनाहरूको कूल ५४५ माइलस्टोन रहेकोमा पौषसम्म सम्पन्न हुनपर्ने माइलस्टोनको संख्या २१५ रहेको थियो। सम्पन्न हुनुपर्नेमध्ये ३६ माइलस्टोन सुरु नै नभएको पाइएको छ र ती माइलस्टोनहरू सम्पन्न हुनपर्ने महिनाका आधारमा तालिका नं २२ मा वर्गीकरण गरिएको छ।

तालिका २२

सम्पन्न हुनपर्ने तर सुरु नभएका माइलस्टोनको विवरण

क्र.सं	आयोजना/कार्यक्रम	सम्पन्न हुनुपर्ने तर सुरु नभएका माइलस्टोनको सम्पन्न हुनपर्ने महिना						जम्मा
		श्रावण	भाद्र	आश्विन	कार्तिक	मंसिर	पौष	
१	मिलेनियम च्यालेञ्ज एकाउण्ट (MCA-Nepal)				१		१	२
२	अपर अरुण					१		१
३	एकीकृत स्वास्थ्य पुर्वाधार				१			१
४	भेरी-बबई डाइभर्सन					१	१	२
५	मेलम्ची खानेपानी				२		१	३
६	राजमार्ग स्तरोन्नति कार्यक्रम					२		२
७	रानी जमरा कुलरिया सिंचाइ				१			१
८	सिक्टा सिंचाइ			१	१		२	४
९	सुनकोशी मरिन डाइभर्सन		१	१				२
१०	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१	३		४	६	४	१८
जम्मा		१	४	२	१०	१०	९	३६

आयोजनागत हिसाबले हेर्दा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमका पौष महिनासम्म सम्पन्न हुनपर्ने तर सुरु नै नभएका माइलस्टोनको संख्या सबैभन्दा धेरै १८ वटा रहेका छन्।त्यसैगरी पौष महिनासम्म सम्पन्न हुनपर्नेमा सुरु नभएका माइलस्टोनमध्ये १०/१० वटा माइलस्टोनहरू कार्तिक र मंसिर महिनामा सम्पन्न हुनपर्ने भनी विभिन्न आयोजनाले लक्ष्य राखेका थिए भने पौष महिनामा ९ माइलस्टोन सम्पन्न गर्ने लक्ष्य रहेको थियो।

त्यसैगरी पौष महिनासम्ममा सुरु भई निश्चित लक्ष्य सहित पौष पछाडि सम्पन्न हुने भनी निर्धारण गरिएका माइलस्टोनहरूमध्ये १८ माइलस्टोन सुरु नै नभएको देखिएको छ। यसरी पौष महिनाभित्र सुरु हुनपर्नेमा सुरु हुन नसकेका माइलस्टोनलाई तालिका नं २३ मा प्रस्तुत गरिएको छ।

तालिका नं २३

पौष महिनाभित्र सुरु हुनपर्ने तर सुरु नभएका माइलस्टोन

क्र.सं	आयोजनाको नाम	पौष महिनाभित्र सुरु भई निश्चित लक्ष्यसहित पौष पछाडि सम्पन्न हुने भनिएका माइलस्टोनको सम्पन्न हुने महिना						जम्मा
		माघ	फाल्गुण	चैत्र	बैशाख	ज्येष्ठ	असार	
१	अपर अरुण						१	१
२	काठमाण्डौं तराइ मधेस द्रुतमार्ग						१	१
३	तनहुँ जलविद्युत					१		१
४	नागढुंगा सुरुङमार्ग						२	२
५	नेपाल भारत विद्युत प्रसारण						१	१
६	भेरी बबई डाइभर्सन परियोजना						१	१
७	राजमार्ग स्तरोन्नति कार्यक्रम						१	१
८	रानी जमरा कुलरिया सिंचाइ						१	१
९	राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम						१	१
१०	राहदानी विभाग				१			१
११	व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि				१			१
१२	सिक्टा सिंचाइ	१						१
१३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१	१		२		१	५
जम्मा		२	१	०	४	१	१०	१८

पौष महिनाभित्र सुरु हुनपर्ने तर सुरु हुन नसकेका माइलस्टोनको संख्या १८ रहेकोमा सबैभन्दा धेरै स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमका ५ माइलस्टोनहरू सुरु नभएको देखिन्छ। यसरी सुरु हुन नसकेका १८ माइलस्टोनमध्ये विभिन्न आयोजनाका १० माइलस्टोन असार महिनामा सम्पन्न गर्ने लक्ष्य रहेको पाइएको छ।

त्यसैगरी, छनौट गरिएका आयोजनाहरूबाट प्राप्त विवरणहरूको अध्ययन गर्दा मन्त्रालयको विवरणमा देखिएका प्रकृतिका समस्याहरू नै आयोजनाहरूमा समेत देखिएको छ। आयोजनामा

सम्पन्न भइसक्नु पर्ने वा सुरु भई निश्चित लक्ष्य हासिल गरिसक्नु पर्ने माइलस्टोनहरूमध्ये सुरु नै नभएका ५४ माइलस्टोनको कारणहरू तलको तालिकामा देहायबमोजिम देखाइएको छ।

तालिका २४

माइलस्टोन शुरु हुन नसकेका कारणहरू (आयोजना)

क्र. सं	आयोजनाको नाम	**काम सुरु हुन नसक्नुका कारणहरू										जम्मा
		१	२	३	४	५	६	७	८	९	१०	
१.	मिलेनियम च्यालेञ्ज एकाउण्ट (MCA-Nepal)	१					१					२
२.	अपर अरुण	१		१								२
३.	एकीकृत स्वास्थ्य पूर्वाधार			१								१
४.	काठमाण्डौं तराइ मधेस द्रुतमार्ग							१				१
५.	तनहुँ जलविद्युत			१								१
६.	नागढुंगा सुरुङमार्ग निर्माण	२										२
७.	नेपाल भारत विद्युत प्रसारण	१										१
८.	भेरी बबई डाइभर्सन			१			१		१			३
९.	मेलम्ची खानेपानी		२								१	३
१०.	राजमार्ग स्तरोन्नति कार्यक्रम										३	३
११.	रानी जमरा कुलरिया सिंचाइ	१	१									२
१२.	राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम								१			१
१३.	राहदानी विभाग	१										१
१४.	व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि					१						१
१५.	सिक्टा सिंचाइ	२	१	१				१				५
१६.	सुनकोशी मरिन डाइभर्सन				१	१						२
१७.	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	८	८	१	३	२				१		२३
कुल		१७	१२	६	४	४	२	२	२	१	४	५४

*** १. पूर्व तयारी नभएको २. बजेट व्यवस्थापन/स्रोत सुनिश्चितता नभएको ३. स्थान छनौट/जग्गा प्राप्ति नभएको ४.खरिद प्रक्रियामा ढिलाइ ५.कानून, कार्यविधि तथा प्रक्रियागत आधार तयार नभएको ६.अन्तर तह/मन्त्रालय/निकाय समन्वय हुन नसकेको ७. ठेक्का सम्झौता हुन नसकेको ८.अन्य ९.अन्य निकायको सहमति प्राप्त नभएको १०.कारण नखुलेको*

यस कार्यालयको तर्फबाट आयोजनाहरूलाई एकीकृत अनुगमन प्रणालीमा आवद्ध गरी प्रभावकारी रुपमा डेस्क मोनिटरिङ्ग गर्ने गराउने सन्दर्भमा तोकिएको ढाँचामा कतिपय आयोजनाहरूले भौतिक तथा वित्तीय प्रगति, ठेक्का सम्झौता, आइपरेका समस्या लगायतका विवरण नियमित रुपमा प्रविष्टि नगरेको पाइएको छ। ३० वटा आयोजनाका ५४५ माइलस्टोनमध्ये ५४ माइलस्टोन पौषमहिनासम्ममा सुरु हुन नसकेकोमा ४ माइलस्टोनको सुरु हुन नसकेको कारण नै प्रविष्टि नभएको पाइएको छ।

पूर्व तयारी पूरा नगरी प्रभावित माइलस्टोनहरू सबैभन्दा बढी (१७ वटा) सुरु हुन नसक्नुले कार्यान्यवयनका लागि तयार नभएका आयोजनाहरू छनौट भएको, कार्ययोजना अनुसार कार्यतालिका बनाई कार्यान्वयन नगरिएको, अन्तरसम्बन्धित निकायको समन्वय र बुझाइमा एकरुपता नभएको कारणले यसो भएको हुन सक्दछ।

महत्वपूर्ण आयोजनाहरूमा आवश्यक बजेट न्यून नहुने भनी सम्बन्धित निकायबाट पटक-पटक प्रतिबद्धता व्यक्त भएतापनि बजेटको अभावले कार्ययोजना कार्यान्वयन प्रभावित हुनु आफैमा विरोधाभासपूर्ण छ।

स्थान छनौट गर्न/ जग्गा प्राप्ति गर्न नसकेका कारणले ६ वटा माइलस्टोन सुरु हुन नसकेको देखिएको छ। कानून, कार्यविधि तथा प्रक्रियागत आधार तयार नभएको, खरिद प्रक्रियामा ढिलाइ जस्ता कारणले पनि माइलस्टोनहरू सुरु हुन नसकेको देखिन्छ। समयमै ठेक्का सम्झौता हुन नसक्नु र अन्तर तह/मन्त्रालय/निकाय बीचमा समन्वय हुन नसकेको कारणले गर्दा पनि माइलस्टोन कार्यान्वयन प्रभावित भएको देखिएको छ। आयोजना सञ्चालनमा निर्माण सामग्रीको अभाव, आयोजना सञ्चालन पूर्व गरिनुपर्ने आ.इ.इ/ई.आइ.ए स्वीकृति समयमा हुन नसकेको, निर्माण व्यवसायीको कमजोर कार्यसम्पादन तथा व्यवस्थापन, नेतृत्व परिवर्तन, अन्य निकायको सहमति प्राप्त नभएको जस्ता समस्याले पनि आयोजनाको कार्यसम्पादनमा असर पारेको देखिएको छ।

घ. सुझावहरूः

माथि उल्लेखित तथ्याङ्क एवम् विश्लेषण समेतबाट मन्त्रालय/निकायहरूले मुख्यतः निम्न विषयहरूमा ध्यान दिएमा कार्यसम्पादनलाई थप नतिजामूखी र परिणाममुखी बनाउन सक्ने देखिन्छः

(क) आर्थिक वर्षको प्रारम्भमै सम्पन्न हुने भनी तोकिएका विषयहरू सुरु समेत हुन नसकेको स्थिति रहेकोले पछाडि कार्यचाप थपिन्छ तसर्थ त्यस्ता कार्यहरूलाई वैकल्पिक कार्ययोजना तयार गरी मूल कार्ययोजनामा असर नपर्ने गरी सम्पन्न गर्नुपर्दछ।

(ख) आयोजना/कार्यक्रम स्थलमा नगई वर्षात् या महामारीको समयमासमेत कार्यालयबाट सञ्चालन गर्न सकिने क्रियाकलापहरूको आधारभूत विषयहरू आ.व.को सुरुका महिनामै सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने समयमा कार्यचाप कम गर्दै कार्यान्वयन प्रभावकारिता अभिबृद्धि गर्नुपर्छ।

(ग) बजेटमा घोषणा भएको विषयमा सम्बन्धित निकायले आवश्यक स्रोतको व्यवस्था तुरुन्त गर्नु पर्दछ वा स्रोत सुनिश्चितता हुने गरी कार्य अगाडि बढाउने सहमति प्रदान गर्नुपर्दछ। कार्यान्वयनका लागि स्रोत उपलब्ध नहुने अवस्थाको अन्त्य गर्न पूर्वमूल्याङ्कन गरेर मात्र कार्ययोजनामा समावेश गर्नु उपयुक्त हुन्छ।

(घ) स्रोत सुनिश्चितता र कम बजेटको समस्यालाई न्यून गर्न बजेट निर्माण गर्दा अनिवार्य दायित्वको रकम र विकास सहायताका कार्यक्रमहरूमा छुट्याउनुपर्ने, यस्तो बजेट छुट्याईएपछि मात्र नयाँ कार्यक्रम प्रस्ताव गरिएको/नगरिएको विषय राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले सुनिश्चित गर्नुपर्दछ। मध्यमकालिन खर्च संरचनाको प्रभावकारी कार्यान्वयन, बजेट अवण्डा राख्ने प्रवृत्तिमा नियमन, रकमान्तर, बजेट रोक्का तथा समर्पण जस्ता विषयहरूमा वित्तीय अनुसाशन प्रबर्द्धन गर्दै निरन्तर सुधार गर्नुपर्दछ।

(ङ) पन्ध्रौं योजना एवं आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ समेतले व्यवस्था गरेको राष्ट्रिय आयोजना बैंकको कार्यान्वयनलाई सुदृढ गर्नुपर्ने देखिएको छ। मन्त्रालय तथा निकायहरूले वार्षिक कार्यक्रमका रूपमा प्रस्ताव गर्ने कार्यक्रमहरूको स्वीकृतिको चरणमै स्रोत सुनिश्चितता गर्ने तथा स्रोत सुनिश्चितता/व्यवस्था नभएका तथा पूर्वतयारी सम्पन्न नभएका आयोजना तथा कार्यक्रमहरूलाई वार्षिक रूपमा बजेट विनियोजन गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।

(च) राय तथा सहमति प्रदान गर्नुपर्ने विषय यथाशीघ्र सम्पन्न गर्ने तथा सहमति प्रदान गर्न नसकिने भएमा समेत आफ्नो निकायको राय छिटो उपलब्ध गराउने र यस्तो विषयको Track Record

राखी नियमन तथा सहजीकरण गर्ने निकायमा पठाउनु उपयुक्त हुन्छ। साथै सहमति प्रदान गर्ने निकायले समेत यस्ता विषयहरूको Track Record राख्नु पर्दछ।

(छ) मन्त्रालयले समस्या समाधानका लागि गरेका प्रयासहरू एवम् मातहतका निकायहरूलाई दिएका निर्देशनहरूको जानकारी माथिल्लो तहबाट अनुगमन गर्ने निकायहरू (जस्तैः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग आदि) लाई जानकारी दिनु उपयुक्त हुन्छ। यसबाट विषयवस्तुका सन्दर्भमा माथिल्लो निकायमा समेत जानकारी हुने तथा सो सम्बन्धमा एउटै बुझाई रहने र संस्थागत अभिलेख समेत रहन्छ।

(ज) आयोजना/कार्यक्रम कार्यान्वयमा देखिएका सम्बन्धित निकायबाट समाधान हुन नसक्ने समस्याहरूलाई यस कार्यालयको तत्काल समस्या समाधान केन्द्र एवम् सम्बन्धित विषयक्षेत्र हेर्ने महाशाखा/शाखामा जानकारी गराई समस्याको समाधानको पहल गर्नुपर्दछ।

(झ) सार्वजनिक व्यवस्थापन र सुशासनको क्षेत्रमा तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयनमा लैजाने र वित्तीय व्यवस्थापनमा मौजुदा कानूनी व्यवस्थाको कडाईका साथ कार्यान्वयन गर्नु पर्दछ।

(ञ) कार्यजिम्मेवारी निर्धारण गर्दा कार्यसम्पादन एवम् नेतृत्व मूल्याङ्कन गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई संस्थागत गर्नुपर्दछ।

(ट) आयोजनाको निश्चित लक्ष्य हासिल नहुँदासम्म आयोजना प्रमुखको सरुवा नगर्ने, कानूनी व्यवस्थालाई व्यवहारिक बनाउने, भौतिक निर्माणमा निर्माण व्यवसायीको कार्यसम्पादन विश्लेषण गरी प्रत्येक निर्माण व्यवसायीलाई निश्चित संख्यामा मात्र ठेक्का दिने, छनौट भएका सबै आयोजनाको प्रभावकारी अनुगमन गर्ने र आयोजनाको कार्यान्वयनमा बाधा पुगेको देखिए तत्काल त्यसको सम्बोधन गर्ने गरेमा आयोजना समयमै सम्पन्न गर्न सहयोग पुग्ने देखिन्छ।

(ठ) अन्तर निकाय समन्वयको कमीले गति लिन नसकेका क्रियाकलापहरूका लागि समन्वयको कार्य प्रभावकारी बनाउनु आवश्यक छ। यसका लागि आवश्यकता अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहयोग लिनु उपयुक्त हुन्छ।